# मध्यपश्चिमाञ्चल विश्वविद्यालय अध्यादेश २०६१

२०६१ सालको अध्यादेश नं.

मध्यपश्चिमाञ्चल विश्वविद्यालय सम्बन्धमा व्यवस्था गर्न वनेको अध्यादेश

प्रस्तावना: उच्च शिक्षामा कला, विज्ञान, आयुर्वेद,कानून, व्यवस्थापन, शिक्षा, प्राविधिक तथा अन्य व्यावसायिक विषयमा गुणात्मक एवं स्तरयुक्त शिक्षाको अवसर सवै क्षेत्रका सर्व साधारण जनतालाई सुलभ रुपमा उपलब्ध गराई राष्ट्रिय विकासमा दक्ष जनशक्तिको आपूर्तिलाई सुनिश्चित तुल्याउन, प्राज्ञिकता र प्रवन्धनमा प्रतिस्पर्धाको आधारमा उच्च शिक्षाको गुणस्तरमा अभिवृद्धि गर्दै देशको शैक्षिक एवं प्राज्ञिक वातावरणलाई वढी स्वच्छ , मर्यादित र उपलब्धिमूलक तुल्याई उच्च तहको शिक्षण संस्थाहरुको सञ्चालन गर्न मध्यपश्चिमाञ्चल विश्वविद्यालयको स्थापना गर्न वाञ्छनीय भएकोले,

श्री ५ ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ७२ अनुसार यो अध्यादेश जारी गरिबक्सेको छ ।

१ संक्षिप्त नाम र प्रारम्भ: (१) यस अध्यादेशको नाम "मध्यपश्चिमाञ्चल विश्वविद्यालय अध्यादेश, २०६१" रहेको छ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

२ परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस अध्यादेशमा ,–

(क) "विश्वविद्यालय" भन्नाले दफा ३ बमोजिम स्थापित मध्य पश्चिमाञ्चल विश्वविद्यालय सम्झनु पर्दछ ।

(ख) "सभा" भन्नाले दफा ७ बमोजिम विश्वविद्यालय सभा सम्झनु पर्दछ ।

(ग) "प्राज्ञिक परिषद्" भन्नाले दफा १० बमोजिमको प्राज्ञिक परिषद् सम्झनु पर्दछ ।

(घ) "कार्यकारी परिषद्" भन्नाले दफा १२ बमोजिमको कार्यकारी परिषद् सम्झनु पर्छ ।

(ङ) "डीन" भन्नाले विश्वविद्यालय अन्तर्गत स्थापित विभिन्न संकायका प्रमुख सम्झनु पर्छ ।

(च) "क्याम्पस" भन्नाले विश्वविद्यालयको आंगिक क्याम्पस सम्झनु पर्छ र सो शब्दले विश्वविद्यालयबाट सम्बन्धन प्राप्त क्याम्पसलाई समेत जनाउने छ ।

(छ) "शिक्षक" भन्नाले विश्वविद्यालयमा शिक्षा प्रदान गर्ने वा अनुसन्धान गर्ने

गराउने प्राध्यापक, सह–प्राध्यापक, उप–प्राध्यापक तथा सहायक प्राध्यापक सम्झनु पर्छ र सो शब्दले विश्वविद्यालयका विभिन्न तहका प्रशिक्षक तथा यस अध्यादेश अन्तर्गत बनेका नियममा शिक्षक भनी तोकिएका व्यक्तिलाई समेत जनाउने छ ।

(ज) "संकाय" भन्नाले दफा १६ बमोजिमको संकाय संझनु पर्दछ ।

(झ) "सेवा आयोग" भन्नाले दफा १७ बमोजिमको सेवा आयोग सम्झनु पर्दछ ।

(ञ) "विद्यापरिषद" भन्नाले दफा ३० बमोजिमको विद्यापरिषद् सम्झनु पर्दछ ।

(ट) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस अध्यादेश अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३ विश्वविद्यालयको स्थापना:(१) कला, विज्ञान, आयुर्वेद,कानून, व्यवस्थापन, शिक्षा, प्राच्य दर्शन, प्राविधिक तथा अन्य व्यावसायिक विषयको उच्च तहको शिक्षण संस्थाहरुको सञ्चालनको लागि मध्यपश्चिमाञ्चल विश्वविद्यालय स्थापना गरिएको छ ।

(२) विश्वविद्यालयको केन्द्रीय कार्यालय मध्य पश्चिमाञ्चल विकास क्षेत्रको सुर्खेतमा रहनेछ॥

४ विश्वविद्यालय स्वशासित सङ्गठित संस्था हुने: (१) विश्वविद्यालय अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संङ्गठित संस्था हुनेछ ।

(२) विश्वविद्यालयको सवै काम कारवाहीको निमित्त आफ्नो छुट्टै छाप हुनेछ ।

(३) विश्वविद्यालयले व्यक्ति सरह चल अचल सम्पति प्राप्त गर्न उपभोग गर्न,बेच विखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) विश्वविद्यालयले व्यक्ति सरह नालिस उजुर गर्न र विश्वविद्यालय उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

५ विश्वविद्यालयको संगठन:– (१) विश्वविद्यालयको संगठन देहाय बमोजिम हुनेछ र यिनीहरुको सामुहिक रुप नै विश्वविद्यालयको स्वरुप हुनेछ :–

(क) सभा,

(ख) कार्यकारी परिषद्,

(ग) प्राज्ञिक परिषद्,

(घ) सेवा आयोग ,

(ङ) तोकिएका अन्य निकायहरु,

(२) विश्वविद्यालय वा प्रतिष्ठानको संगठनको स्वरुप अनुसार तोकिए बमोजिमका अध्ययन संस्थान, संकाय, केन्द्रीय विभाग, आंगिक क्याम्पस, सम्बन्धनप्राप्त क्याम्पस जस्ता निकायहरु समेत रहन सक्नेछन् ।

६ विश्वविद्यालयका पदाधिकारीहरु: विश्वविद्यालयमा देहाय बमोजिमका पदाधिकारीहरु रहनेछन्:–

(क) कुलपति,

(ख) सह–कुलपति,

(ग) उप–कुलपति,

(घ) रजिष्ट्रार,

(ङ) डीनहरु,

(च) सेवा आयोगका अध्यक्ष,

(छ) तोकिएका अन्य पदाधिकारीहरु

७ सभाको गठन: (१) विश्वविद्यालयमा सर्वोच्च निकायको रुपमा एक सभा रहनेछ ।
(२) सभाको गठन देहाय बमोजिम हुनेछ:–

| | | |
|---|---|---|
| (क) | कुलपति | अध्यक्ष |
| (ख) | सह कुलपति | उपाध्यक्ष |
| (ग) | उप कुलपति | सदस्य |
| (घ) | मध्य पश्चिमाञ्चल विकास क्षेत्रका सांसद सदस्यहरु मध्येबाट तीन जना | सदस्य |
| (ङ) | अन्य विश्वविद्यालयका उप–कुलपतिहरु मध्येबाट दुई जना | सदस्य |
| (च) | सदस्य, राष्ट्रिय योजना आयोग (शिक्षा हेर्ने) | सदस्य |
| (छ) | सचिव, शिक्षा तथा खेलकुद मन्त्रालय | सदस्य |
| (ज) | सचिव, अर्थ मन्त्रालय | सदस्य |
| (झ) | लब्ध प्रतिष्ठित विद्वानहरुमध्येबाट पाँचजना | सदस्य |
| (ञ) | डीनहरु | सदस्य |

| | | |
|---|---|---|
| (ट) | विश्वविद्यालयको केन्द्रीय कार्यालय रहेको नगरपालिकाको प्रमुख समेत रहने गरी मध्य पश्चिमाञ्चल विकास क्षेत्रका नगरपालिका प्रमुखहरु मध्येबाट चार जना | सदस्य |
| (ठ) | यस विश्वविद्यालयका आङ्गिक र सम्बन्धन प्राप्त क्याम्पसका क्याम्पस प्रमुखहरु मध्येबाट छ जना | सदस्य |
| (ड) | विश्वविद्यालयको विषय समितिका अध्यक्षहरुमध्येबाट तीन जना | सदस्य |
| (ढ) | विश्वविद्यालयको नेपाल प्राध्यापक संघ क्याम्पस इकाईका अध्यक्ष र सचिवको निर्वाचक मण्डलले समानुपातिक एकल संक्रमणीय मतको आधारमा निर्वाचित गरेका पाँच जना शिक्षकहरु | सदस्य |
| (ण) | विश्वविद्यालयको केन्द्रीय कार्यालय रहेको जिल्लाको जिल्ला विकास समितिको सभापति समेत रहने गरी मध्य पश्चिमाञ्चल विकास क्षेत्रका जिल्ला विकास समितिका सभापतिहरु मध्येबाट चारजना | सदस्य |
| (त) | प्रतिनिधि, प्राज्ञिक परिषद् | सदस्य |
| (थ) | शिक्षा प्रेमी तथा समाजसेवी मध्येबाट कम्तिमा एक जना महिला पर्ने गरी चारजना | सदस्य |
| (द) | उद्योगपति, व्यापारी तथा कृषकहरु मध्येबाट छ जना | सदस्य |
| (ध) | चन्दादाताहरु मध्येबाट तीन जना | सदस्य |
| (न) | क्याम्पसका स्वतन्त्र विद्यार्थी युनियनका सभापतिहरु मध्येबाट दुई जना | सदस्य |
| (प) | अनुसन्धान केन्द्रका प्रमुखहरु | सदस्य |
| (फ) | क्षेत्रीय प्रशासक, मध्य पश्चिमाञ्चल विकास क्षेत्र | सदस्य |
| (ब) | रजिष्ट्रार | सदस्य –सचिव |

(३) पदेन सदस्यहरु बाहेक सभाका अन्य सदस्यहरुको मनोनयन कार्यकारी परिषद्को सिफारिसमा कुलपतिबाट हुनेछ।

(४) मनोनित सदस्यहरुको पदावधि तीन वर्षको हुनेछ।

८ <u>सभाको बैठक:</u> (१) सभाको बैठक कम्तिमा वर्षको १ पटक वस्नेछ ।

(२) सभाको बैठक सभाको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) सभाको बैठक हुनुभन्दा कम्तिमा १५ दिन अगावै बैठकमा छलफल हुने बिषयको कार्यसूची सहितको सूचना सभाको सदस्य-सचिवले सबै सदस्यहरुलाई दिनेछ ।

(४) सभामा कायम रहेको कुल सदस्य संख्याको कम्तिमा ५० प्रतिशत सदस्यहरु उपस्थित भएमा बैठकका लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(५) सभाको बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा सभाको अध्यक्षता उपाध्यक्षले गर्नेछ । अध्यक्ष र उपाध्यक्ष दुवैको अनुपस्थितमा सभाको बैठकको अध्यक्षता उपकुलपतिले गर्नेछ ।

(६) सभाको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) सभाको बैठकको निर्णय सभाको सदस्य-सचिवले प्रमाणित गरी राख्नेछ ।

(८) सभाको बैठक सम्वन्धी अन्य कार्यविधि सभा आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

९ <u>सभाको काम, कर्तब्य र अधिकार:</u> सभाको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) विश्वविद्यालयको नीति निर्धारण गर्ने ।

(ख) विश्वविद्यालयलाई मार्गदर्शन गर्ने ।

(ग) विश्वविद्यालयको शैक्षिक कार्यक्रमहरुको सञ्चालन र प्रबन्ध गर्ने, गराउने ।

(घ) क्याम्पसहरुको संस्थापन एवं सम्बन्धन बारे आवश्यक प्रवन्ध गर्ने, गराउने ।

(ङ) विश्वविद्यालयबाट प्रदान गरिने उपाधिहरु निर्धारण गर्ने र प्रदान गर्ने ।

(च) विश्वविद्यालयको वार्षिक वजेट र कार्यक्रम स्वीकृत गर्ने ।

(छ) विश्वविद्यालय सम्बन्धी नियमहरु पारित गर्ने ।

(ज) विश्वविद्यालयका आंङ्गिक एवं विश्वविद्यालयबाट सम्बन्धन प्राप्त क्याम्पसहरुलाई निर्देशन दिने र मार्ग दर्शन गर्ने ।

(झ) विश्वविद्यालय अन्तर्गतका निकायहरुको वार्षिक प्रतिवेदन माथि छलफल गर्ने र कार्यक्रमको मूल्याङ्कन गर्ने ।

(ञ) विश्वविद्यालयको लेखापरीक्षण प्रतिवेदन माथि छलफल गर्ने र स्वीकृत दिने ।

(ट) विश्वविद्यालय अन्तर्गतका विभिन्न निकायहरुको शैक्षिक तथा प्रशासनिक नीति निर्धारण गर्ने, गराउने ।

(ठ) विश्वविद्यालयको कुनै नयाँ कार्यक्रम सञ्चालन गर्न अनुमति प्रदान गर्ने ।

(ड) पाठ्यभार हस्तान्तरण (Credit Transfer) सम्बन्धमा अन्य विश्वविद्यालयसंग आपसी संझौता गर्ने ।

(ढ) विश्वविद्यालयको आवश्यकता अनुसार विभिन्न समिति, उप समिति वा कार्य टोलीको गठन गर्ने ।

(ण) विश्वविद्यालयका पदाधिकारी, शिक्षक तथा कर्मचारीको सेवा शर्त निर्धारण गर्ने ।

(त) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

१० <u>प्राज्ञिक परिषद्को गठन:</u> (१) विश्वविद्यालयको शैक्षिक तथा प्राज्ञिक निकायको रुपमा काम गर्न देहायका सदस्यहरु भएको एक प्राज्ञिक परिषद् हुनेछ :–

| | |
|---|---|
| (क) उप–कुलपति | अध्यक्ष |
| (ख) रजिष्ट्रार | सदस्य |
| (ग) डीनहरु | सदस्य |
| (घ) विश्वविद्यालयका विभिन्न विषय समितिका अध्यक्ष मध्येबाट पाँच जना | सदस्य |
| (ङ) प्रमुख, पाठ्यक्रम विकास तथा अनुसन्धान केन्द्र | सदस्य |
| (च) विश्वविद्यालय अनुसन्धान महाशाखा, योजना महाशाखा, र समन्वय महाशाखाका प्रमुखहरु | सदस्य |
| (छ) वरिष्ट प्राध्यापकहरुमध्येबाट दुई जना | सदस्य |
| (ज) क्याम्पस प्रमुखहरु मध्येबाट चार जना | सदस्य |
| (झ) लब्ध प्रतिष्ठित विद्वानहरुमध्येबाट दुई जना | सदस्य |
| (ञ) डीनहरु मध्येबाट उपकुलपतिले तोकेको व्यक्ति | सदस्य सचिव |

(२) पदेन सदस्यहरु बाहेक अन्य सदस्यहरुको मनोनयन कार्यकारी परिषद्को सिफारिसमा कुलपतिबाट हुनेछ ।

(३) मनोनित सदस्यहरुको पदावधि तीन वर्षको हुनेछ ।

(४) डीनको पदावधि ४ वर्षको हुनेछ ।

(५) प्राज्ञिक परिषद्को बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ र त्यसरी नतोकिएसम्म बैठक सम्बन्धी कार्यविधि प्राज्ञिक परिषद् आफैले निर्धारण गर्नेछ ।

११ प्राज्ञिक परिषद्को काम, कर्तब्य र अधिकार: प्राज्ञिक परिषद्को काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) विश्वविद्यालयको पाठ्यक्रम निर्धारण तथा स्वीकृत गर्ने ।

(ख) परीक्षाको किसिम तोक्ने ।

(ग) विद्यार्थी भर्ना सम्बन्धी योग्यता र संख्या निर्धारण गर्ने ।

(घ) अनुसन्धान सम्बन्धी नीति तर्जुमा गर्ने र अनुसन्धान कार्यक्रमहरुलाई स्वीकृति प्रदान गर्ने ।

(ङ) विद्यार्थीहरुको शैक्षिक कार्यक्रमको मूल्याङ्कन गर्ने ।

(च) शिक्षण र अनुसन्धानको स्तर निर्धारण गर्ने ।

(छ) मानार्थ उपाधिहरुको व्यवस्था गर्ने ।

(ज) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

१२ कार्यकारी परिषद्को गठन: (१) विश्वविद्यालयको कार्यकारी निकायको रुपमा काम गर्न देहायका सदस्यहरु भएको एक कार्यकारी परिषद् हुनेछ :–

| | |
|---|---|
| (क) उप–कुलपति | अध्यक्ष |
| (ख) डीनहरु मध्येबाट दुईजना | सदस्य |
| (ग) शिक्षकहरु मध्येबाट एक जना | सदस्य |
| (घ) रजिष्ट्रार | सदस्य सचिव |

(२) उपदफा (१) को खण्ड (ख) र (ग) बमोजिमका सदस्यहरुको मनोनयन उप–कुलपतिको सिफारिसमा कुलपतिले गर्नेछ ।

(३) मनोनित सदस्यहरुको पदावधि तीन वर्षको हुनेछ ।

(४) कुनै कारणले मनोनित सदस्यको पद रिक्त भएमा बाँकी अवधिका लागि उपदफा (२) बमोजिमको प्रक्रिया पूरा गरी अर्को व्यक्तिलाई मनोनयन गरिनेछ ।

(५) कार्यकारी परिषद्को बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ र त्यसरी नतोकिएसम्म बैठक सम्बन्धी कार्यविधि कार्यकारी परिषद् आफैले निर्धारण गर्नेछ ।

(६) मनोनित सदस्यहरुको कार्य सन्तोषजनक नदेखिएमा उप-कुलपतिको सिफारिशमा कुलपतिले हटाउने छन् । तर निजहरुलाई सफाईको मौकाबाट बञ्चित गरिने छैन ।

१३ <u>कार्यकारी परिषद्को काम, कर्तब्य र अधिकार:</u> कार्यकारी परिषद्को काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।–

(क) सभाको निर्णय र निर्देशनहरु कार्यान्वयन गर्ने, गराउने ।

(ख) विश्वविद्यालयको वार्षिक कार्यक्रम, बजेट, प्रगति विवरण, लेखापरीक्षण प्रतिवेदन र अन्य प्रस्तावहरु तयार गरी स्वीकृतिको लागि सभा समक्ष पेश गर्ने ।

(ग) विश्वविद्यालयको कोष तथा चल, अचल सम्पतिको संचालन, रेखदेख र नियन्त्रण गर्ने ।

(घ) सभाको नीति निर्देशनको अधिनमा रही विश्वविद्यालयको चल, अचल सम्पति बेचबिखन गर्ने ठेक्का पट्टामा दिने ।

(ङ) विश्वविद्यालयद्वारा संचालित कार्यक्रमहरुको समन्वय, रेखदेख तथा निरीक्षण गर्ने र सोको प्रतिवेदन सभामा पेश गर्ने ।

(च) विश्वविद्यालय सम्बन्धी नियमहरुको मस्यौदा तयार गरी स्वीकृतिका लागि सभामा पेश गर्ने ।

(छ) सेवा आयोगको सिफारिसमा विश्वविद्यालयका लागि आवश्यक शिक्षक तथा कर्मचारीहरु नियुक्ति र बढुवा सम्बन्धी पदस्थापना गर्ने ।

(ज) विश्वविद्यालयलाई प्राप्त दान, दातव्य, आर्थिक तथा अन्य सहयोग ग्रहण गर्ने ।

(झ) विद्यार्थी शुल्क निर्धारण गर्ने र

(ञ) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

१४ <u>क्याम्पसहरुको स्थापना र सञ्चालन:</u> (१) विश्वविद्यालयले उच्च शिक्षा प्रदान गर्न राष्ट्रिय शिक्षा नीति अनुरुप विभिन्न विषयका क्याम्पसहरुको स्थापना तथा सञ्चालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम विश्वविद्यालयबाट स्थापना तथा सञ्चालन गरिने क्याम्पस सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१५ **क्याम्पसहरुको हस्तान्तरण सम्बन्धी व्यवस्थाः** (१) यो अध्यादेश प्रारम्भ हुँदाका बखत त्रिभुवन विश्वविद्यालय अन्तर्गत स्थापना भई सञ्चालित श्री सुर्खेत क्याम्पस (शिक्षा) सुर्खेत, महेन्द्र बहुमुखी क्याम्पस दाङ, महेन्द्र बहुमुखी क्याम्पस नेपालगंज र जुम्ला क्याम्पस जुम्लालाई यस विश्वविद्यालयको आंगिक क्याम्पसको रुपमा सञ्चालन गरिनेछ । साथै अन्य विश्वविद्यालय अन्तर्गत संञ्चालित आंगिक वा सम्बन्धन प्राप्त क्याम्पसहरु भने तोकिएका सर्तहरुको आधारमा यस विश्वविद्यालयमा समावेश हुन चाहेमा श्री ५ को सरकारले अनुमति दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम यस विश्वविद्यालयमा समावेश हुने क्याम्पसका विद्यार्थी, शिक्षक तथा कर्मचारीले प्रचलित कानुन अनुसार उपभोग गर्दै आएका र भविष्यमा उपलब्ध हुने सम्पूर्ण शैक्षिक, प्राज्ञिक एवम् पेशागत हकहित तथा मर्यादाको पूर्ण जिम्मेवारी यसै विश्वविद्यालयको हुनेछ ।

(३) उपदफा (१) बमोजिम विश्वविद्यालयमा गाभिएका क्याम्पसको हकभोगमा रहेको चल-अचल सम्पत्ति तथा दायित्व समेत यसै विश्वविद्यालयमा सर्नेछ । यस्ता क्याम्पसहरुलाई त्रिभुवन विश्वविद्यालय मार्फत जाने श्री ५ को सरकारको अनुदान यस विश्वविद्यालय मार्फत जानेछ ।

(४) उपदफा (१) बमोजिम समावेश हुने क्याम्पसका शिक्षक तथा कर्मचारी आफ्नो पुरानै विश्वविद्यालयमा रहिरहन चाहेमा उक्त अवसर प्रदान गरिनेछ । तर निजहरुलाई आवश्यकता अनुसार यस विश्वविद्यालयमा काजमा खटाउन सकिने छ ।

१६ **संकायः** (१) विश्वविद्यालयबाट सञ्चालन गरिने उच्च शिक्षाको लागि तोकिएका विषयमा तोकिए बमोजिमका संकायहरु रहेनछन् ।

(२) प्रत्येक संकाय प्रमुखको रुपमा डीन रहनेछन् ।

(३) डीनको नियुक्ति उप-कुलपतिबाट हुनेछ ।

(४) डीनको पदावधि ४ वर्षको हुनेछ ।

(५) उपदफा (२) बमोजिम रहने डीनको काम, कर्तव्य तथा पारिश्रमिक, सुविधा र सेवाका शर्तहरु तोकिए बमोजिम हुनेछ ।

१७ **सेवा आयोगको गठन** (१) विश्वविद्यालयको शिक्षक तथा कर्मचारीको नियुक्ति तथा बढुवाका लागि सिफारिस गर्न देहाय बमोजिमको एक सेवा आयोगको गठन हुनेछ ।

(क) कुलपतिबाट नियुक्त व्यक्ति — अध्यक्ष

(ख) प्राध्यापकहरु मध्येबाट एक जना — सदस्य

(ग) रजिष्ट्रार — सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (क) र (ख) बमोजिम अध्यक्ष र सदस्यको नियुक्तिका लागि सिफारिस पेश गर्न कुलपतिबाट सह कुलपतिको अध्यक्षतामा सभाका दुई जना सदस्य रहेको एक समिति गठन हुनेछ र सो समितिको सिफारिसमा कुलपतिबाट अध्यक्ष र सदस्यको नियुक्ति हुनेछ ।

(३) उपदफा (२) बमोजिम नियुक्त हुने अध्यक्ष तथा सदस्यको पदावधि चार वर्षको हुनेछ ।

(४) सेवा आयोगको बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ र त्यसरी नतोकिएसम्म बैठक सम्बन्धी कार्यविधि सेवा आयोग आफैले निर्धारण गर्नेछ ।

१८ <u>सेवा आयोगको काम, कर्तब्य र अधिकार</u>: सेवा आयोगको काम, कर्तब्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१९ <u>सेवा आयोगको अध्यक्ष र सदस्यको पारिश्रमिक र सुविधा:</u> सेवा आयोगका अध्यक्ष र सदस्यको पारिश्रमिक, सुविधा र सेवाका शर्तहरु तोकिए बमोजिम हुनेछ ।

२० <u>विदेशी विश्वविद्यालय संग सम्बन्ध</u>: यस विश्वविद्यालयले स्वदेशी वा विदेशी विश्वविद्यालय वा शैक्षिक संस्थासँग सम्वन्ध कायम गर्न सक्नेछ ।

२१ <u>कुलपति</u> :(१) प्रधानमन्त्री विश्वविद्यालयको कुलपति हुनेछ ।

(२) कुलपति विश्वविद्यालयको प्रमुख र सभाको अध्यक्ष हुनेछ ।

(३) कुलपतिले विश्वविद्यालय वा विश्वविद्यालयसंग सम्बन्धित जुनसुकै विषय वा वस्तुको निरीक्षण गर्न र आवश्यक निर्देशन दिन सक्नेछ ।

२२ **सह–कुलपति**: (१) शिक्षा तथा खेलकुद मन्त्री वा राज्यमन्त्री विश्वविद्यालयको सह–कुलपति हुनेछ ।

(२) सह–कुलपतिले आवश्यकता अनुसार विश्वविद्यालयको निरीक्षण गर्न र निर्देशन दिन सक्नेछ ।

२३ <u>**उप–कुलपति**:</u> (१) उप–कुलपति विश्वविद्यालयमा पूरा समय काम गर्ने प्रमुख पदाधिकारी हुनेछ ।

(२) उप–कुलपति पदमा नियुक्तिको लागि सिफारिस पेश गर्न कुलपतिबाट सह-कुलपतिको अध्यक्षतामा सभाको दुईजना सदस्य रहेको एक समिति गठन हुनेछ र सो समितिको सिफारिसमा कुलपतिबाट उप–कुलपतिको नियुक्ति हुनेछ ।

(३) उप–कुलपतिको कार्यकाल चार वर्षको हुनेछ ।

(४) उप–कुलपतिको पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्तहरु तोकिए बमोजिम हुनेछ ।

२४ <u>उप–कुलपतिको काम, कर्तब्य र अधिकार</u>: (१) उप–कुलपतिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :–

(क) विश्वविद्यालयको सबै काम कारवाही उपर उप–कुलपतिको सामान्य नियन्त्रण रहनेछ र निजले विश्वविद्यालयको काम कारवाहीमा निर्देशन दिन र रेखदेख गर्न सक्नेछ ।

(ख) उप–कुलपतिले सभाको निर्णय र निर्देशनहरु कार्यान्वयन गर्नु, गराउनु पर्नेछ ।

(ग) विश्वविद्यालयलाई आवश्यक स्रोत जुटाउने ।

(ग) यो अध्यादेश वा यस अध्यादेश अन्तर्गत बनेका नियममा कुनै निकाय वा पदाधिकारीले गर्ने भनी उल्लेख भएका कामहरु वाहेक अन्य कामहरु उप–कुलपतिले गर्नेछ । त्यस बमोजिम गरेका कामको जानकारी उप–कुलपतिले तुरुन्त कुलपतिलाई गराउनु पर्नेछ र लगत्तै यसपछि बस्ने सभाको बैठकबाट अनुमोदन गराउनु पर्नेछ ।

(घ) सभामा पेश हुने विषयहरु उप–कुलपति मार्फत पेश हुनेछन् ।

(ङ) उप–कुलपतिको अन्य काम, कर्तब्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

२५ <u>रजिष्ट्रार</u>: (१) विश्वविद्यालयको रजिष्ट्रारको नियुक्ति उप–कुलपतिको सिफारिसमा कुलपतिबाट हुनेछ ।

(२) रजिष्ट्रार विश्वविद्यालयमा पूरा समय काम गर्ने पदाधिकारी हुनेछ ।

(३) रजिष्ट्रारको पदावधि चार वषको हुनेछ ।

(४) रजिष्ट्रारको काम, कर्तब्य र अधिकार तथा पारिश्रमिक, सुविधा र सेवाका शर्तहरु तोकिए बमोजिम हुनेछ ।

(ख) कुनै व्यक्ति वा संस्थाले चन्दा, दान, दातव्य र आर्थिक सहायता स्वरुप प्रदान गरेको रकम,

(ग) उद्योग, व्यापार व्यवसायसंग सम्बद्ध व्यक्ति वा संस्थाबाट प्राप्त सहयोग एवं अनुदान रकम ,

(घ) मध्य पश्चिमाञ्चल विकास क्षेत्रका जिल्ला विकास समिति, नगरपालिका तथा गाउँ विकास समितिहरुबाट प्राप्त सहयोग एव अनुदानको रकम,

(ङ) अन्तर्राष्ट्रिय संघ, संस्था, विदेशी सरकार वा एजेन्सी वा वित्तिय संस्थाहरुबाट प्राप्त सहयोग एवं ऋणको रकम,

(च) शुल्क एवं अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(२) उप–दफा (१) को खण्ड (ङ) बमोजिम विश्वविद्यालयले कुनै रकम प्राप्त गर्दा श्री ५ को सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(३) विश्वविद्यालयको कोषको रकम तोकिएको बैंकमा खाता खोली जम्मा गरिनेछ र विश्वविद्यालयको कोष र खाताको संचालन तोकिए बमोजिम हुनेछ ।

(४) विश्वविद्यालयको सबै खर्चहरु उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

३३ लेखा र लेखा परीक्षण :(१) विश्वविद्यालयको आय–व्ययको लेखा प्रचलित कानून बमोजिम हुनेछ ।

(२) विश्वविद्यालयको लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

३४ उपाधि र प्रमाणपत्र दिने तथा समकक्षता एवं स्तर निर्धारण गर्ने : (१) तोकिएको उच्च शिक्षा हासिल गर्ने विद्यार्थी, प्रशिक्षार्थी वा अनुसन्धाकर्तालाई विश्वविद्यालयले तोकिए बमोजिमको प्रमाणपत्र दिन र अनुसन्धनात्मक कार्य गर्ने एवं प्राज्ञिक क्षेत्रमा प्रशंसनीय कार्य गर्ने व्यक्तिलाई मानार्थ उपाधि प्रदान गर्न सक्नेछ ।

(२) विश्वविद्यालयले कुनै स्वदेशी वा विदेशी विश्वविद्यालय वा शैक्षिक संस्थाहरुको शैक्षिक उपाधिलाई मान्यता दिन र विश्वविद्यालयका विभिन्न तहका शैक्षिक उपाधिहरुसँग ती उपाधिहरुको समकक्षता एवं स्तर निर्धारण गर्न सक्नेछ ।

३५ विश्वविद्यालयमा भर्ना हुन चाहिने योग्यता: (१) विश्वविद्यालयमा भर्ना हुन चाहिने योग्यता तोकिए बमोजिम हुनेछ ।

(२) विद्यार्थी भर्ना गर्दा श्री ५ को सरकारको नीति अनुरुप दलित, पिछडिएका जनजाति, महिलाको लागि तोकिएको प्रतिशतको आधारमा भर्नामा प्राथमिकता दिइनेछ ।

३६ राष्ट्रिय शिक्षा नीति अनुरुप कार्य गर्ने: श्री ५ को सरकारको राष्ट्रिय शिक्षा नीति अनुरुप कार्य सचालन गर्नु विश्वविद्यालयको कर्तब्य हुनेछ ।

३७ निर्देशन दिन सक्ने: श्री ५ को सरकारले समय समयमा दिएको निर्देशनको पालना गर्नु विश्वविद्यालयको कर्तब्य हुनेछ ।

३८ अधिकार प्रत्यायोजन: (१) सभाले यो अध्यादेश वा यस अध्यादेश अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त भएको अधिकारमध्ये सवै वा केही अधिकार प्राज्ञिक परिषद, कार्यकारी परिषद, क्याम्पस, संकाय, सेवा आयोग, कुनै पदाधिकारी, विद्यापरिषद वा यस अध्यादेश वमोजिम गठन हुने कुनै समिति, उप-समिति वा कार्य टोलीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) प्राज्ञिक परिषद, कार्यकारी परिषद, क्याम्पस, संकाय, सेवा आयोग, कुनै पदाधिकारी, विद्यापरिषदले यो अध्यादेश वा यो अध्यादेश अन्तर्गत वनेका नियम वमोजिम आफूलाई प्राप्त भएको सवै वा केही अधिकार तोकिएको निकाय वा पदाधिकारीलाई सुम्पन सक्नेछ ।

३९ श्री ५ को सरकारसंग सम्पर्क: विश्वविद्यालयले श्री ५ को सरकारसंग सम्पर्क राख्दा शिक्षा तथा खेलकुद मन्त्रालय मार्फत राख्नेछ ।

४० कामकारवाही वदर नहुने: विश्वविद्यालयको कुनै पदाधिकारी वा सदस्यको स्थान रिक्त भई वा कुनै पदाधिकारी वा सदस्यको नियुक्ति वा मनोनयनमा त्रुटी भएको कारणले मात्र त्यस्तो काम कारवाही वदर हुने छैन ।

४१ असल नियतले गरेको काममा बचाउ: यो अध्यादेश वा यस अध्यादेश अन्तर्गत वनेको नियम बमोजिम असल नियत लिई गरेको वा गर्न खोजेको कुनै कामको सम्बन्धमा विश्वविद्यालय वा विश्वविद्यालयको कुनै पदाधिकारी उपर मुद्दा चलाउने वा अन्य कारवाही गरिने छैन ।

४२ विश्वविद्यालयलाई छुट र सुविधा: प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि विश्वविद्यालयको रजिष्ट्रेशन गर्नु पर्ने जुनसुकै लिखत रजिष्ट्रेशन गर्नु परेमा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

४३ विघटन हुँदाको परिणाम: विश्वविद्यालय विघटन भएमा यसको चल अचल जायजेथा श्री ५ को सरकारको हुनेछ ।

४४ <u>नियम बनाउने अधिकार:</u> यो अध्यादेशको उद्देश्य कार्यान्वयन गर्न विश्वविद्यालयले यो अध्यादेशको अधिनमा रही आवश्यक नियम बनाउन सक्नेछ ।